आज मिति २०७३।१२।१६ गतेका दिन यस राप्ती सोनारी गाउँपालिका अध्यक्ष श्री तप्त बहादुर पौडेलज्यू अध्यक्षतामा बैठक बसी तपसिलका प्रस्तावमा छलफल गरि तपसिल बमोजिम निर्णय गरियो।

उपस्थिति :-

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री तप्त बहादुर पौडेल | अध्यक्ष | |
| २. | श्री मनिषा सिंह थारु | उपाध्यक्ष | |
| ३. | श्री यम बहादुर खड्का | १ नं. वडा अध्यक्ष | |
| ४. | श्री ~~[illegible]~~ [illegible] बहादुर [illegible] | २ नं. वडा अध्यक्ष | |
| ५. | श्री मिन कुमार थारु | ३ नं. वडा अध्यक्ष | |
| ६. | श्री मित राज खड्का | ४ नं. वडा अध्यक्ष | |
| ७. | श्री झगरु थारु | ५ नं. वडा अध्यक्ष | |
| ८. | श्री लवराज खनेल | ६ नं. वडा अध्यक्ष | |
| ९. | श्री रामलखन थारु | ७ नं. वडा अध्यक्ष | |
| १०. | श्री सालिकराम डाँडगी | ८ नं. वडा अध्यक्ष | |
| ११. | श्री सोहनलाल थारु | ९ नं. वडा अध्यक्ष | |
| १२. | श्री राधिका सुनार | कार्यपालिका सदस्य | |
| १३. | श्री यम कुमारी ओली | कार्यपालिका सदस्य | यम |
| १४. | श्री गौत्रा कुमारी डाँडगी | कार्यपालिका सदस्य | |
| १५. | श्री सुमित्रा थारु | कार्यपालिका सदस्य | |
| १६. | श्री धान बहादुर वि. क. | कार्यपालिका सदस्य | |
| १७. | श्री केशवराज कमाई | कार्यपालिका सदस्य | |
| १८. | श्री ओम प्रकाश देवकोटा | प्रमुख प्रशासकीय अधिकृत | |

सहयोगी कर्मचारी

| | | | |
|---|---|---|---|
| १. | | | |
| २. | | | |

कार्यपालिका बैठक संख्या नं २०

मिति २०७९/१२/१९ गते

<u>प्रस्तावहरु:</u>

१. पूर्व निर्णयहरुको समीक्षा सम्बन्धमा ।
२. कार्यविधिका सम्बन्धमा ।
३. सैद्धान्तिक सहमति सम्बन्धमा।
४. प्रदेश समपुरक योजना छनौट तथा प्रतिवद्धता सम्बन्धमा ।
५. योजना माग सम्बन्धमा ।
६. झोलुंगे पुल योजना छनौट सम्बन्धमा ।
७. प्रधानमन्त्री रोजगार कार्यक्रम छनौट सम्बन्धमा ।
८. ठेक्का आयोजनाको म्याद थप सम्बन्धमा।
९. भेरियसन अर्डर स्वीकृत सम्बन्धमा ।
१०. स्थानीय निर्देशक समिति गठन सम्बन्धमा ।
११. मानवाधिकार कार्ययोजना कार्यान्वयन समिति गठन ।
१२. मध्यमकालीन खर्च संरचना कार्यदल गठन सम्बन्धमा ।
१३. पंजीकरण शाखामा कार्यरत कर्मचारीहरुको तलब भत्ता प्रतिवद्धता सम्बन्धमा ।
१४. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सुझाव कार्यान्वयन सम्बन्धमा ।
१५. विपद् राहत सम्बन्धमा ।
१६. कारितास नेपाललाई सहमति प्रदान गर्ने सम्बन्धमा ।
१७. विपद् घरधुरी सर्वेक्षण कार्यक्रम सम्बन्धमा ।
१८. कर्मचारीहरुको कामको बाँडफाँड सम्बन्धमा ।
१९. विविध सम्बन्धमा ।
   क) युवा दृष्टी नेपालको प्रस्तावना सम्बन्धमा ।
   ख) थारु कल्याणकारिणी सभाको प्रस्तावना सम्बन्धमा ।
   ग) थारु गोचाली समाज नेपालको प्रस्तावना सम्बन्धमा ।
   घ) बास नेपालको प्रस्तावना सम्बन्धमा ।
   ङ) बाँके खेलकुद विकास समितिकोलाई सहयोग गर्ने सम्बन्धमा ।
   च) नेपालगंज ११ स्पोर्टिङ्ग क्लबलाई सहयोग गर्ने सम्बन्धमा ।
   छ) नेपाल पत्रकार महासंघलाई सहयोग गर्ने सम्बन्धमा ।
   ज) बाँके जिल्ला साइक्लिङ्ग संघलाई सहयोग गर्ने सम्बन्धमा ।
   झ) द्वन्दपीडित संजाल राप्ती सोनारीलाई सहयोग गर्ने सम्बन्धमा ।
   ञ) राप्ती सोनारी मिडिया प्रा लि को पत्र सम्बन्धमा ।
   ट) वागेश्वरी मन्दिर महाआरती कार्यलाई आर्थिक सहयोग सम्बन्धमा ।
   ठ) नेपाल रेडक्रस सोसाइटी सोनारी उपशाखाको पत्र सम्बन्धमा ।
   ड) नेपाल रेडक्रस सोसाइटी शम्शेरगंज उपशाखाको पत्र सम्बन्धमा ।

प्रमाणित

ओम प्रकाश दिवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं १**

राप्ती सोनारी गाउँ कार्यपालिकाले यस पूर्वका बैठकहरुमा गरेका निर्णयहरु कार्यान्वयन अवस्थाका सम्बन्धमा समीक्षा गरियो ।

**निर्णय नं २**

कार्यपालिका बैठकबाट छलफलका लागि विधायन समितिमा पठाईएका तपसीलका नीति, कार्यविधि तथा आचारसंहिता विधायन समितिबाट प्राप्त राय अनुसार स्वीकृत गर्ने निर्णय गरियो ।

तपसील

(१) दीगो विकास लक्ष्यहरुको स्थानीयकरण नीति, २०७९
(२) राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७९
(३) श्रोत अनुमान तथा बजेट सीमा निर्धारण सम्बन्धी कार्यविधि, २०७९
(४) बजेट तथा कार्यक्रम तर्जुमा समितिको कार्य सञ्चालन कार्यविधि, २०७९
(५) अनुगमन तथा सुपरीवेक्षण समितिको कार्यसञ्चालन कार्यविधि, २०७९
(६) राजस्व परामर्श समिति संचालन सम्बन्धी कार्यविधि, २०७९
(७) मेलमिलाप केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि, २०७९
(८) गाउँपालिकाका पदाधिकारीहरुको आचारसंहिता, २०७९
(९) गाँउपालिकाका कर्मचारीहरुको आचारसंहिता, २०७९

साथै तपसीलमा उल्लेखित कार्यविधि अर्को कार्यपालिका बैठकमा राय सहित पेश गर्ने गरी विधायन समितिमा छलफलका लागि पठाउने निर्णय गरियो ।

(१) विषयगत समिति (कार्यसञ्चालन) कार्यविधि, २०७९
(२) विधायन समिति (कार्यसञ्चालन) कार्यविधि, २०७९
(३) व्यवसाय दर्ता तथा नवीकरण सम्बन्धी कार्यविधि, २०७९
(४) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९
(५) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका सम्बन्धी कार्यविधि, २०७९
(६) विपन्न नागरिकहरुका लागि स्वास्थ्य उपचार विशेष कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९
(७) विपन्न नागरिक स्वास्थ्य बीमा कार्यक्रम कार्यविधि, २०७९
(८) स्वास्थ्य बीमा संयोजन समिति संचालन कार्यविधि,२०७९

**निर्णय नं ३**

राप्ती सोनारी गाँउपालिको विकास योजना व्यवस्थापन, स्वास्थ्य सेवाको तथ्यांकलाई गुणस्तरीय र परिणाममुखी बनाउन तपसीलका कार्यहरु गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने निर्णय गरियो ।

(१) औधोगिक ग्रामको विस्तृत परियोजना प्रतिवेदन (DPR) निर्माण, राप्ती सोनारी- ४
(२) रिङ्ग रोडको विस्तृत परियोजना प्रतिवेदन (DPR) निर्माण, राप्ती सोनारी- ४
(३) चिस्यान केन्द्रको विस्तृत परियोजना प्रतिवेदन (DPR) निर्माण, राप्ती सोनारी- ८
(४) गोरधुई बनौरे खोला पुलको विस्तृत परियोजना प्रतिवेदन (DPR) निर्माण, राप्ती सोनारी- ५
(५) विभिन्न सडकहरुको विस्तृत परियोजना प्रतिवेदन (DPR) निर्माण, राप्ती सोनारी- ७
(६) खेल मैदान तथा कभर्ड हलको विस्तृत परियोजना प्रतिवेदन (DPR) निर्माण, राप्ती सोनारी- २
(७) सांस्कृतिक संग्रहालयको विस्तृत परियोजना प्रतिवेदन (DPR) निर्माण, राप्ती सोनारी- २
(८) मधुई पुलको विस्तृत परियोजना प्रतिवेदन (DPR) निर्माण, राप्ती सोनारी- २
(९) क्षमता विकास योजना निर्माण, राप्ती सोनारी गाँउपालिका
(१०) स्वास्थ्य क्षेत्र सूचना प्रणाली (Software) Installation, राप्ती सोनारी गाँउपालिका
(११) पर्यटन गुरुयोजना, राप्ती सोनारी गाँउपालिका

प्रमाणित
ओम प्रकाश ढकाल
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं ४**

आ व ०८०/८१ मा लुम्बिनी प्रदेश सरकारसंगको साझेदारीमा संचालन हुने तपसीलका कार्यक्रमहरु छनौट गर्नुका साथै सो कार्यक्रमहरुमा गाँउपालिकाको तर्फबाट समपुरक रकम विनियोजन गर्ने प्रतिवद्धता सहित तोकिएको समय सीमा भित्र आवेदन गर्ने निर्णय गरियो।

तपसील:

(१) मधुवा देखि मधुईसम्म सडक निर्माण, राप्ती सोनारी- २
(२) रिङ्ग रोड निर्माण (रामकुट्टी देखि बन्तरीसम्म २ कि मि कालोपत्रे), राप्ती सोनारी- ४
(३) वार्ड नं ९ रिङ्ग रोड निर्माण, राप्ती सोनारी- ९
(४) नन्कौपुर देखि सोनारी कृषि सडक राप्ती सोनारी ७
(५) विभिन्न स्थानमा सिंचाई बोरिङ्ग निर्माण राप्ती सोनारी १

**निर्णय नं ५**

आ व ०८०/८१ का लागि तपसीलका योजनाहरु संघीय तथा प्रदेश सरकारसंग माग गर्ने निर्णय गरियो।

तपसील:

| सि नं | योजनाको नाम | DPR | माग गर्ने निकाय |
|---|---|---|---|
| १ | औद्योगिक ग्राम निर्माण राप्ती सोनारी- ४ | भएको | संघीय सरकार |
| २ | सिंधैया नाला पुल निर्माण राप्ती सोनारी- ७ | भएको | संघीय सरकार |
| ३ | खेल मैदान तथा कभर्ड हलको निर्माण राप्ती सोनारी- २ | क्रममा रहेको | संघीय सरकार |
| ४ | चिस्यान केन्द्रको निर्माण राप्ती सोनारी- ८ | क्रममा रहेको | संघीय सरकार |
| ५ | गोरधुई बनौरे खोला पुलको निर्माण राप्ती सोनारी- ५ | क्रममा रहेको | संघीय सरकार |
| ६ | चुकेनाला व्यवस्थापन (RCC Cannel) निर्माण राप्ती सोनारी ९ | क्रममा रहेको | संघीय सरकार |
| ७ | महादेवा र बुच्चापुर जोड्ने झिझरी खोलमा पक्की पुल राप्ती सोनारी ९ | भएको | संघीय सरकार |
| ८ | अस्थायी प्रहरी पोष्ट निर्माण राप्ती सोनारी ९ | क्रममा रहेको | संघीय सरकार |
| ९ | भक्ता खोला डाईभर्सन तथा EIA | क्रममा रहेको | लुम्बिनी प्रदेश सरकार |

**निर्णय नं ६**

नेपाल सरकार स्थानीय पूर्वाधार विभाग श्रीमहल पुल्चोक ललितपुरको च न २३० मिति २०७९ माघ १६ गतेको झोलुंगे पुल मागको विवरण उपलब्ध गराउने सम्बन्धी पत्रका सम्बन्धमा तपसील अनुसारको पुल माग गर्ने निर्णय गरियो।

तपसील:

(क) चुनाह, दुवेरी, वसेरी र चप्परगौरी जोड्ने राप्ती नदीमा झोलुंगे पुल निर्माण राप्ती सोनारी- १
(ख) वडा नं ३ को साईपुर र ४ को लछ्रापुर बस्ती जोड्ने मोरङ्गा खोलामा झोलुंगे पुल निर्माण
(ग) बैजापुर देखि लामीडाँडा जाड्ने झोलुंगे पुल निर्माण राप्ती सोनारी- ४
(घ) खल्ला झगडियाको बाँध देखि भगरा जोड्ने राप्ती नदीमा झोलुंगे पुल, राप्ती सोनारी- ७
(ङ) गुलाल दिहा देखि भगरा जोड्ने राप्ती नदीमा झोलुंगे पुल, राप्ती सोनारी- ७

प्रमाणित
ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं ७**

आ व ०७९/८० मा यस गाँउपालिकामा संचालन हुन भनी नेपाल सरकारबाट प्रधानमन्त्री रोजगार कार्यक्रम तथा युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजनामा रकम विनियोजित भएको र तोकिएको वडा समितिबाट छनौट भई आएका तपसीलका कार्यक्रमहरु तोकिएको समय सीमा भित्र सम्पन्न गर्ने निर्णय गरियो।

तपसील:

(क) बालापुर पेशनी ओवरी र धर्मोतीमा बाटो वरिपरि नाली खन्ने तथा सरसफाई, रा. सो. गा. पा. – ८
(ख) छकेरी गाँउतर्फ जाने बाटो तथा नाली निर्माण, राप्ती सोनारी- ९
(ग) साविक महादेवपुरी गा वि स वडा नं १ देखि ५ सम्म विभिन्न स्थानमा नयाँ बाटो तथा नाली निर्माण, रा. सो. गा. पा.- ९
(घ) गोठ देखि खयरभट्टी जाने बाटो मर्मत तथा नाली निर्माण, राप्ती सोनारी- ९

(ङ) चाचरफर्का खानेपानी ट्याँकीको पाईपलाइन बिच्छयाउने काम राप्ती सोनारी- ५

## निर्णय नं ८

गत आ व ०७८/७९ मा यस गाउँपालिकाले विभिन्न कामका लागि ठेक्का पट्टाका माध्यमबाट काम गर्ने भनी संझौता भएको तर समयमा नै काम सम्पन्न गर्न नसकेका तपसीलका आयोजनाहरुले म्याद थपका लागि निवेदन समेत पेश गरेकोले उक्त निवेदन उपर जाँचबुझ गर्दा सि नं २ र ३ को आयोजना चालु आ. व. को बैशाख मसान्तसम्म र सि नं १ को आयोजना २०८० पौष मसान्तसम्म काम सम्पन्न गर्ने गरी म्याद थप गर्ने साथै सो आयोजनाहरुको लागि आवश्यक बजेट आगामी आ. व. मा विनियोजन गर्ने निर्णय गरियो ।

| सि नं | ठेक्का नं | आयोजनाको नाम | कैफियत |
|---|---|---|---|
| १ | RSRM/WORKS/077/78/29 | वडा नं ९ को गेरुवा नाला पुल निर्माण | |
| २ | RSRM/WORKS/078/79/03 | वडा नं ६ को सिधनवा बाटो निर्माण | |
| ३ | RSRM/WORKS/078/79/02 | वडा नं ५ को जुरपानी सडक निर्माण | |

## निर्णय नं ९

राप्ती सोनारी गाँउपालिका वार्ड नं ९ मा निर्माणाधीन चुके नाला तथा भक्तेनाला तटबन्ध निर्माण कार्य मिति २०७९ पौष २५ गते सम्झौता भई काम अघि बढाइएकोमा काम गर्ने क्रममा लागत अनुमान तयार गर्दा नराखिएको Launching Item थप गर्नु पर्दा लागत अनुमानमा परिणाम बढ्न गई सम्झौता रकममा ८ दशमलव ६१ प्रतिशतले बढ्न गएको भनी प्रमुख प्रशासकीय अधिकृत मार्फत गाँउपालिका अध्यक्ष हुँदै पेश हुन आएको प्रतिवेदन सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ बमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।

## निर्णय नं १०

रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम १४ अनुसार नागरिकको रोजगारीको हक संरक्षण सम्बन्धी कामको लागि यस गाँउपालिकामा देहाय बमोजिमको स्थानीय निर्देशक समिति रहनेछ:–

(क गाउँपालिकाको अध्यक्ष श्री तप्त बहादुर पौडेल –अध्यक्ष
(ख) गाउँपालिकाको उपाध्यक्ष श्री मनिषा सिंह थारु –सदस्य
(ग) गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत श्री ओम प्रकाश देवकोटा –सदस्य
(घ) १ नं वडा अध्यक्ष श्री यम बहादुर खड्का –सदस्य
(ङ) ६ नं वडा अध्यक्ष श्री लवराज खरेल –सदस्य
(ङ) रोजगार संयोजक श्री माधव डाँगी –सदस्य–सचिव

## निर्णय नं ११

मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना (आ.व.२०७७/०७८-२०८१-०८२) को बुदा नं. ४.२.४. बमोजिमको स्थानीय तह समन्वय समिति तपसील अनुसार गठन गर्ने निर्णय गरियो ।

तपसील

(क) गाउँपालिका अध्यक्ष श्री तप्त बहादुर पौडेल – संयोजक
(ख) गाउँपालिका उपाध्यक्ष श्री मनिषा सिंह थारु – सदस्य
(ग) सम्पूर्ण वडाका वडा अध्यक्षहरु – सदस्य
(घ) शिक्षा, स्वास्थ्य तथा महिला विकास शाखा प्रमुख – सदस्य
(ङ) नागरिक समाजको तर्फबाट श्री उषा चौधरी राप्ती सोनारी ७ – सदस्य
(च) नागरिक समाजको तर्फबाट श्री धनी कुमारी वली राप्ती सोनारी ५ – सदस्य
(छ) नागरिक समाजको तर्फबाट श्री नारायण उपाध्याय राप्ती सोनारी ८ – सदस्य
(ज) प्रमुख, ईलाका प्रहरी कार्यालय, धामपुर प्र ना नि श्री प्रविन डाँगी – सदस्य
(झ) प्रमुख प्रशासकीय अधिकृत, श्री ओम प्रकाश देवकोटा – सदस्य सचिव

प्रमाणित

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं १२**

स्थानीय तह योजना तर्जुमा दिग्दर्शन, २०७८ को बुँदा नं. ३.३.२ (ख) बमोजिम तपसीलको मध्यमकालीन खर्च संरचना प्राविधिक समिति/कार्यदल गठन गर्ने निर्णय गरियो।

तपसील:

(क) प्रमुख प्रशासकीय अधिकृत -संयोजक
(ख) सम्पूर्ण शाखा/उपशाखा प्रमुख -सदस्य
(ग) योजना शाखा प्रमुख -सदस्य सचिव

**निर्णय नं १३**

राष्ट्रिय परिचयपत्र तथा पंजीकरण विभाग, सिंहदरबार, काठमाण्डौको प. स. ०७९/८० च. न. १४५४ मिति २०७९/११/२८ को पत्रानुसार यस गाउँपालिकाको पंजीकरण इकाईमा कार्यरत एम आई एस अपरेटर र फिल्ड सहायकका लागि अपुग छ महिना बराबरको तलब गाँउपालिकाको तर्फबाट प्रतिवद्धता सहित साझेदारी गर्ने निर्णय गरियो।

**निर्णय नं १४**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले समय समयमा स्थानीय तहहरुलाई दिएका यस गाँउपालिकालाई प्राप्त सुझावहरू बैठकमा छलफल भई यसको प्रभावकारी कार्यान्वयन गर्न प्रतिवद्धता जाहेर गर्ने निर्णय गरियो।

**निर्णय नं. १५**

विपद् व्यवस्थापन शाखा (स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र) बाट प्राप्त विवरण अनुसारका पीडितहरुलाई प्रचलित कार्यविधि र निर्णयको परिधिभित्र रही विपद् व्यवस्थापन कोषबाट राहत उपलब्ध गराउने निर्णय गरियो। (विवरण अनुसूची १ मा उल्लेख गरिएको छ।)

**निर्णय नं. १६**

कारितास नेपाल तथा CRS नेपालको साझेदारीमा यस राप्तीसोनारी गाँउपालिकाको वडा नं १,२,३,४ र ५ मा संचालित दीगो बाँके परियोजनालाई यस गाँउपालिकामा कार्य संचालन गर्न सहमति प्रदान गर्नुका साथै आगामी आ. व. ०८०/८१ मा सञ्चालन हुने कार्यक्रमका लागि रू २७ लाख बराबर लागत साझेदारी गर्ने निर्णय गरियो।

**निर्णय नं १७**

विभिन्न समयमा राप्ती नदीमा आएको बाढीले पुऱ्याएको क्षतिका सन्दर्भमा कारितास नेपालको सहयोगमा यस गाँउपालिका (१, २, ३, ४ र ५) मा भईरहेको घरधुरी सर्वेक्षण कार्यक्रमलाई प्रभावकारी र जनमुखी बनाउन वडा समितिलाई थप सक्रिय बनाउने निर्णय गरियो।

**निर्णय नं १८**

यस गाउँपालिका अन्तर्गत कार्यरत तथा सरूवा भई आएका कर्मचारीहरूको पदस्थापन तथा जिम्मेवारी बाँडफाँड काम तथा पदको प्रकृति अनुसार संस्थागत हीत र सेवाको प्रभावकारितामा थप टेवा पुग्ने गरी यथाशीघ्र सम्पन्न गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं १९**

विविध विषयमा तपसील अनुसार निर्णय गरियो।

क) युवा दृष्टी नेपाल कोहलपुर बाँकेले यस गाँउपालिकाको सहकार्यमा जलवायु परिवर्वत अनुकुलन सम्बन्धी कार्यक्रम सञ्चालन गर्न पेश गरेको प्रस्तवनाका सन्दर्भमा कार्यक्रमको बील, भरभाई, प्रतिवेदन र आवश्यक कागजातका आधारमा रु ५०,०००।– (पचास हजार मात्र) वन तथा वातावरण संरक्षण एवं सम्बर्द्धन कार्यक्रम शीर्षकबाट दिने।

ख) थारुहरुको महान पर्व माघीको अवसरमा माघी महोत्सव २६४६ मनाउन थारु कल्याणकारिणी सभा बाँकेले पेश गरेको प्रस्तावनाका सन्दर्भमा कार्यक्रमको बील, भरभाई, प्रतिवेदन र आवश्यक कागजातका आधारमा रु ५०,०००।- (पचास हजार मात्र) विभिन्न चाडपर्व शीर्षकबाट दिने।

कार्यपालिका बैठक २०७९/१२/१९

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

ग) थारु गोचाली समाज नेपाल, राप्ती सोनारी गाँउपालिका बाँकेले माघ मिलन तथा राष्ट्रिय थारु साहित्य सम्मेलन गर्न यस गाँउपालिकामा पेश गरेको प्रस्तावनाका सन्दर्भमा कार्यक्रमको बील, भरभाई, प्रतिवेदन र आवश्यक कागजातका आधारमा रु ७५,०००।-(पचहत्तर हजार मात्र) भाषा, कला तथा संस्कृति जगेंना (१-९) शीर्षकबाट दिने।

घ) वास नेपालको आयोजनामा भएको Public Speech Banke-2079 को सह प्रायोजकका रुपमा यस गाँउपालिका रहेकोले रु ५०००।- (पाँच हजार मात्र) कार्यक्रमको बील, भरभाई, प्रतिवेदन र आवश्यक कागजातका आधारमा सूचना तथा प्रवर्द्धन मैत्री गा. पा. कार्यक्रम (१-९) शीर्षकबाट दिने।

ङ) २०७९ असोज २८ देखि कार्तिक ३ गते सम्म पोखरामा सञ्चालित ९औं राष्ट्रिय खेलकुद प्रतियोगितामा बाँके जिल्लाबाट सहभागी खेलाडी तथा अफिसियलहरुलाई आवश्यक पोशाकका लागि भएको खर्च कार्यक्रमको बील, भरभाई, प्रतिवेदन र आवश्यक कागजातका आधारमा रु १,००,०००।– (एक लाख मात्र) उपाध्यक्षसंग बालबालिका शीर्षकबाट बाँके जिल्ला खेलकुद विकास समितिलाई सहयोग गर्ने।

च) नेपालगंज ११ स्पोर्टिङ्ग क्लबले बाँके जिल्लाको फुलबल टिमलाई राष्ट्रिय खेल खेल्न काठमाण्डौ लैजान र ल्याउन लागेको विविध खर्च मध्यको रु ४००००।– (चालिस हजार मात्र) खेलकुद कार्यक्रम शीर्षकबाट दिने।

छ) नेपाल पत्रकार महासंघको जिल्ला अधिवेशनका समयमा भएको व्यवस्थापन खर्च कार्यक्रमको बील, भरभाई, प्रतिवेदन र आवश्यक कागजातका आधारमा रु ५०,०००।– (पचास हजार मात्र) सूचना तथा प्रवद्धन मैत्री गा. पा. कार्यक्रम शीर्षकबाट दिने।

ज) बाँके जिल्ला साईक्लिङ संघको बाँके साईकिल दौड प्रतियोगिता (Banke MTB Race 2023) सम्बन्धी पत्रका सन्दर्भमा कार्यक्रमको बील, भरभाई, प्रतिवेदन र आवश्यक कागजातका आधारमा रु २५,०००।– (पच्चिस हजार मात्र) खेलकुद कार्यक्रम शीर्षकबाट दिने।

झ) सोनारी राप्ती मिडिया प्रा लि राप्ती सोनारी ४ बैजापुरले माघी मेलाको अवसरमा भुवर भवानी मन्दिर परिसरमा आयोजना गरेको खुल्ला भलिबल तथा सांस्कृतिक कार्यक्रमको बील, भरभाई, प्रतिवेदन र आवश्यक कागजातका आधारमा रु ७५,०००।-(पचहत्तर हजार मात्र) खेलकुद कार्यक्रम शीर्षकबाट दिने।

ञ) नाट्टा बाँकेको आयोजनामा प्रत्येक हप्ताको सोमवारका दिन हिन्दुहरुको आस्थाको केन्द्रको रुपमा रहेको बागेश्वरी मन्दिरमा हुने महाआरती कार्यक्रमलाई विभिन्न चाडपर्व शीर्षकबाट रु ४००००।-(चालिस हजार मात्र) आर्थिक सहयोग गर्ने।

ट) द्वन्दपीडित संजाल राप्ती सोनारीको अनुरोधमा यस गाँउपालिकाका वडा नं १ देखि ९ सम्म संजाल गठन गर्नका लागि यातायात सञ्चालनका लागि गाँउपालिकाको तर्फबाट ३० लिटर पेट्रोल उपलब्ध गराउनुका साथै वडा कार्यालयले खाजाको व्यवस्थापन गरिदिने।

ठ) महाशिवरात्री अवसरमा राप्ती सोनारी १ मा रहेको कुसुमेश्वर शिव मन्दिर बाँकेले वडा नं १ को सिफारिशमा पेश गरेको पत्रका सन्दर्भमा कार्यक्रमको बील, भरभाई, प्रतिवेदन र आवश्यक कागजातका आधारमा रु ३०,०००।- (तिस हजार मात्र) विभिन्न चाडपर्व शीर्षकबाट दिने।

ड) नेपाल रेडक्रस सोसाईटी सोनारी उपशाखा बाँकेको पत्रका सन्दर्भमा उपशाखाको साधारण सभा र उपशाखालाई प्राप्त ख श्रेणीको एम्बुलेन्स हस्तान्तरण हुँदाका बखतको खर्च तपसीलको वडा समितिहरुको भैपरी, कार्यालय सञ्चालन र ईन्धन शीर्षकबाट खर्च लेख्ने।

(१) ६ नं वडा समिति रु ६२,०००।- (बैसट्ठी हजार मात्र)

(२) ३ नं वडा समिति रु १०,०००।- (दस हजार मात्र)

(३) ४ नं वडा समिति रु १०,०००।- (दस हजार मात्र)

ढ) नेपाल रेडक्रस सोसाईटी कचनापुर उपशाखा बाँकेको पत्रका सन्दर्भमा राप्ती सोनारी ८ मा उपशाखाको प्रस्तावित भवन निर्माणलाई आवश्यक पर्ने जग्गा भगवती सामुदायिक वन क्षेत्रमा रहेको ०-०२-० को जग्गा भोगाधिकारका लागि लुम्बिनी प्रदेश सरकारमा सिफारिश गरिदिने।

ण) आर्थिक विकास समितिको मिति २०७९/१२/११ मा बसेको बैठकले कृषि विकास शाखाको आ व २०७९/८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार निश्चत मापदण्ड र विधि बनाई फलफुल बिरुवा वितरण कार्यक्रम यथाशीघ्र सञ्चालन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

प्रमाणित

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत